# अप्रत्यासित नतिजा निकाल्ने नेपाल

## एकपछि अर्को 'रोमाञ्चक जित'

**हिमालय टाइम्स**

काठमाडौं, २८ असोज




अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालले पाएको उपनाम हो 'कार्डियाक किड्स' अर्थात् खेलको यस्तो टिम जसले नाटकीय र अप्रत्यासित नतिजा निकाल्छ। सोमबार राती ओमानको अल अमेरत क्रिकेट मैदानमा फेरि नेपालले त्यस्तै नाटकीय जित निकाल्यो। आइसिसी टी-२० विश्वकप एसिया-प्यासिफिक क्षेत्रीय क्वालिफायरअन्तर्गत सुपर-६ को दोस्रो खेलमा मध्यपूर्वकै अर्को टोली कतारविरुद्ध नेपालले नाटकीय जित निकालेको हो। सुपर-६ कै पहिलो खेलमा युनाइटेड अरब इमिरेट्स (युएई)विरुद्ध एक रनको रोमाञ्चक जित निकालेको २४ घण्टापछि नै नेपालले अर्को नाटकीय र रोमाञ्चक जित निकालेको हो।

छनोट प्रतियोगितामा नेपालको यो लगातार चौथो जित हो। सोमबार राती सम्पन्न नाटकीय खेलमा नेपालले कतारलाई पाँच रनले हरायो। जितसँगै नेपाल टी-२० विश्वकप नजिक पुगेको छ। नेपालले दिएको १४८ रनको लक्ष्य पछ्याएको कतार १९ ओभर ५ बलमा १४२ मा अल आउट भयो। कुनै समय जितको अत्यन्तै नजिक पुगिसकेको कतारलाई नेपाली टोलीका बलरहरूले हारको स्वाद चखाए। खेलको अन्त्यतिर कतारका ब्याट्सम्यानहरू एकपछि अर्को गर्दै पेभेलियन फर्किएपछि नेपालको जित सम्भव भएको हो। यसअघि, नेपालले 'सुपर-६' चरणको पहिलो खेलमा संयुक्त अरब इमिरेट्स (युएई)माथि एक रनको रोमाञ्चक जित हासिल गरेको थियो।

'सुपर-६' चरणको खेलको समाप्तिपछि अंक तालिकाको पहिलो, दोस्रो र तेस्रो स्थानमा रहने टोलीले आगामी टी-२० विश्वकपमा स्थान पक्का गर्नेछन्। चौथोदेखि छैटौँ स्थानमा आउने टोलीको भने विश्वकप खेल्ने सपना समाप्त हुनेछ।

सोमबार राती नेपाललाई जिताउन सन्दीप लामिछानेले ३.५ बल बलिङ गर्दा १८ रन खर्चेर ५ विकेट लिनुभयो। टी-२० अन्तर्राष्ट्रिय एकै खेलमा ५ विकेट लिएको सन्दीप लामिछानेको यो दोस्रोपटक हो। नन्दन यादवले पनि दुई विकेट हात पार्नुभयो। दीपेन्द्र ऐरीले एक विकेट लिनुभयो।

कतारका लागि ओपनर ब्याट्सम्यान इमाल लियानागेले अर्धशतकीय योगदान गर्नुभयो। उहाँले केवल ३५ बलमा तीन छक्का र पाँच चौकाको मद्दतले ५६ रन बनाउनुभयो। इमाल लियानागेले अर्का ओपनर जुबेर अलीसँग ७९ रनको साझेदारी गर्नुभयो। जुबेर अलीले पनि टोलीका लागि ५२ रनको योगदान गर्नुभयो। तेस्रो नम्बरमा क्रिज समाल्न आउनुभएका मुहम्मद आसिम लियाकत अली भने १० रन बनाउँदै पेभेलियन फर्किनुभयो।

त्यसअघि, नेपालका लागि कप्तान रोहित पौडेलले उत्कृष्ट अर्धशतकीय पारी खेल्नुभएको थियो। तेस्रो नम्बरमा क्रिज समाल्न आउनुभएका रोहितले ५८ रन बनाउनुभयो। टोली अप्ठ्यारो स्थितिमा रहँदा कप्तान रोहितले ४१ बलको सामना गरी एक छक्का र सात चौका पनि हिर्काउनुभयो। २३ वर्षीय रोहितले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा बनाएको यो आठौँ अर्धशतक हो। उहाँले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा एक हजार ६ सय रन पनि पूरा गर्नुभएको छ। नेपाली टोलीले दुवै ओपनर ब्याट्सम्यानलाई सस्तैमा गुमाएको थियो। टोलीको कुल स्कोर २५ रन रहँदा नै नेपालले दुई महत्त्वपूर्ण विकेट गुमाएको थियो। ओपनर कुशल भुर्तेल आठ बलमा एक चौकाको मद्दतले ६ रन बनाउँदै पेभेलियन फर्किनुभयो।

अर्का ओपनर आसिफ शेख पनि ११ रनभन्दा अगाडि बढ्न सक्नुभएन। उहाँले १२ बलको सामना गरी एक चौका हिर्काउनुभयो। चौथो नम्बरमा क्रिज समाल्न आउनुभएका कुशल मल्ल पनि १० बलमा एक छक्काको मद्दतले आठ रन बनाउँदै पेभेलियन फर्किनुभयो।

कुशल मल्ल आउट हुँदा नेपालको स्कोर केवल ४८ रन थियो। त्यसपछि कप्तान रोहित र पाँचौँ नम्बरका ब्याट्सम्यान दीपेन्द्रसिंह ऐरीले नेपालको पारी सम्हाल्नुभएको थियो। रोहित र दीपेन्द्रको जोडीले स्कोरलाई ११० रनको सम्मानजनक स्थितिसम्म डोऱ्याउनुभयो। १५औँ ओभरको अन्तिम बलमा दीपेन्द्र २६ रन बनाउँदै आउट भएपछि यी अनुभवी खेलाडीबीचको साझेदारी तोडिएको थियो। दीपेन्द्रले २२ बलमा एक चौका पनि प्रहार गर्नुभयो। आदिल आलम भने ६ बलमा केवल दुई रन बनाउँदै आउट हुनुभयो। आदिल आउट हुँदा नेपालको कुल स्कोर ११४ रन थियो।

सातौँ नम्बरमा ब्याटिङ गर्न आउनुभएका गुलसन झाले टोलीको खातामा १६ रन थप्नुभयो। प्रारम्भदेखि नै आक्रामक रूपमा प्रस्तुत हुनुभएका गुलसनले केवल आठ बलमा दुई छक्का प्रहार गर्नुभयो। सन्दीप जोरा दुई बलमा एक रन बनाउँदै मैदानबाट बाहिरिनुभयो। सोमपाल कामीले नौ बलमा एक छक्काको मद्दतले १४ रन बनाउनुभयो। कतारका बलर ड्यानियल लुइसले तीन विकेट लिनुभयो। मिर्जा बेगले पनि तीन विकेट हात पार्नुभयो।

नेपाली क्रिकेट टिमले हालसम्म दुईपटक मात्र टी-२० विश्वकपमा प्रतिस्पर्धा गरेको छ। नेपालले पहिलोपटक सन् २०१४ मा बंगलादेशमा आयोजित विश्वकपमा प्रतिस्पर्धा गरेको थियो। त्यसपछि नेपालले गत वर्ष अमेरिका र वेष्ट इण्डिजमा आयोजित टी-२० विश्वकपमा प्रतिस्पर्धा गरेको थियो।

### टी-२० वरीयतामा नेपाल एक स्थान उक्लियो

आइसिसी टी-२० टिम वरीयतामा नेपाल एक स्थान माथि उक्लिएको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले अक्टोबर १३ (सोमबार) अपडेट गरेको वरीयतामा नेपाल एक स्थान माथि उक्लिएको हो। नेपाल यसअघि १८औँ स्थानमा रहेको थियो। हाल एक स्थान सुधार गर्दै नेपाल १७औँ स्थानमा उक्लिएको छ। ओमानमा जारी आइसिसी टी-२० विश्वकप छनोटको खेल खेलिरहेको नेपालले आफ्नो अविजित यात्रा कायम राखेको छ। वरीयतामा सुधार हुने अर्को महत्त्वपूर्ण पक्ष भने नेपालले तीन खेल सम्मेलित वेष्ट इण्डिजसँगको सिरिज दुई-एकले जित्नु हो। नेपालले पहिलोपटक टेष्ट राष्ट्रसँग सिरिज खेलेको थियो जसमा नेपालले जित निकालेको थियो।

नेपालले हाल आइसिसी टी-२० विश्वकप एसिया तथा पूर्वी एसिया क्षेत्र छनोटअन्तर्गत सुपर सिक्सको खेलमा लगातार दुई जित दर्ता गरेको छ। नेपालले हराएको युएई १६औँ स्थानमा तटस्थ रहेको छ। नेपालले हराएको अर्को राष्ट्र कतार २९औँ स्थानमा छ। अब नेपालले छनोट चरणमा आइसिसी वरीयतामा ६४औँ स्थानमा रहेको सामोआ र २०औँ स्थानमा रहेको ओमानसँग खेल्न बाँकी छ।

### आज ओमानसँग खेल्दै

नेपालले आज (बुधबार) आइसिसी टी-२० विश्वकप एसिया-प्यासिफिक क्षेत्रीय क्वालिफायरअन्तर्गत सुपर-६ को तेस्रो खेल ओमानसँग खेल्दैछ।

आज नेपालले ओमानलाई हराएको अवस्थामा नेपाल अन्तिम खेलअघि नै टी-२० विश्वकपमा पुग्नेछ। यसो हुन नसकेको अवस्थामा शुक्रबार सामोआलाई हराए पनि नेपालले विश्वकपमा स्थान बनाउन सक्छ।

अर्कोतर्फ नेपालले बाँकी रहेका दुई खेलमा पराजय भोगेको अवस्थामा पनि छनोट हुने सम्भावना छ। तर, खेलमा जे पनि हुन सक्ने समीकरणका कारण नेपालले दुवै खेलमा पराजय भोगेको अवस्थामा मात्र विश्वकपमा छनोट नहुने झिनो गणितीय सम्भावनालाई भने नकार्न सकिन्न।

सुपर सिक्समा सहभागी नेपाल, युएई, ओमान, जापान, कतार र सामोआमध्ये शीर्ष स्थानमा रहने तीन टिमले भारत र श्रीलंकामा हुने २०२६ को विश्वकप खेल्नेछन्।

■ काभा यू-१९ भलिबल

## नेपालको १२ सदस्यीय महिला टोली घोषणा




**हिमालय टाइम्स**

काठमाडौं, २८ असोज

सेन्ट्रल एसियन भलिबल संघ (काभा) यू-१९ महिला च्याम्पियनसिप खेल्ने नेपाली टोलीको घोषणा भएको छ। मंगलबार नेपाल भलिबल संघले १२ जना टोलीको घोषणा गरेको हो। यू-१९ महिला च्याम्पियनसिप कात्तिक १७ देखि २४ गतेसम्म श्रीलंकामा आयोजना हुँदैछ।

यो टोलीले गत असोज १ गतेदेखि राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा प्रशिक्षण गरिरहेको छ। नेपाली टोलीमा जेनिशा विश्वकर्मा, भावना तामाङ, मीना सुनार, आशिका क्षेत्री, प्रतिभा चौधरी, क्रिष्मा डाँगी, निशा महर, सम्झना नेपाली, सुनिता खत्री, एञ्जिला प्रधान, रेविका लामा तामाङ र विनिता राना रहनुभएको छ।

## गौघाट ग्रिन रनको उपाधि युवक र दीपशिखालाई

**हिमालय टाइम्स**

नेपालगञ्ज, २८ असोज

जलवायु परिवर्तनप्रति जनचेतना जगाउने उद्देश्यले आयोजित गौघाट ग्रिन रन-२०२५ को उपाधि युवकराज बुढा र दीपशिखा शाहीले जित्नुभएको छ। ११ वर्षदेखि नियमित रूपमा हुँदै आएको धारा नेपालगञ्ज म्याराथनको भगिनी इभेन्टका रूपमा गत वर्षदेखि सुरु गरिएको यस दौडमा कर्णालीका युवकराज बुढा खुला पुरुषतर्फ र कोहलपुरकी दीपशिखा शाही खुला महिलातर्फ च्याम्पियन बन्नुभएको हो।

खजुरा गाउँपालिकाको सीतापुरमा सम्पन्न पाँच किलोमिटर खुला पुरुष दौडमा नरैनापुरका अरबिन्दकुमार यादव दोस्रो र जुम्लाका यमराज खत्री तेस्रो हुनुभयो। खुला महिला २.५ किलोमिटर दौडमा दीपशिखा शाही प्रथम, स्वस्तिका शाही दोस्रो र राधा सुनार तेस्रो हुनुभयो।

त्यस्तै, खजुरा पालिकास्तरीय पाँच किलोमिटर छात्र दौडमा ज्ञानोदय उच्च माविका धनिराम खटिक प्रथम, जनता उच्च माविका निकेस खत्री दोस्रो र अमर माविका युसुफ विक तेस्रो बन्नुभयो। छात्रा २.५ किलोमिटरमा अमर माविकी विनिशा एलजी पहिलो, योगिनी माविकी प्रशंसा बिसी दोस्रो र अमर माविकी विनिता पुलामी तेस्रो हुनुभयो।



विजेतालाई खजुरा गाउँपालिका अध्यक्ष डम्बर विक तुफान, लुम्बिनी प्रदेश खेलकुद परिषद्का सदस्य-सचिव तिरन गौतम, मिस नेपाल वर्ल्ड २०२३ श्रृच्छा प्रधान, केएल दुगड ग्रुपका सिइओ प्रदीप छाजेड, वडाध्यक्ष धनराम ओली र केन्याका विश्वस्तरीय धावक जोन केलाईले नगद पुरस्कार र पदक प्रदान गर्नुभयो।

कार्यक्रममा सद्भावना दूत मिस नेपाल वर्ल्ड २०२३ श्रृच्छा प्रधानले प्रकृतिलाई पहिलो गुरु मान्दै सबैलाई पर्यावरण संरक्षणमा संलग्न हुन आह्वान गर्नुभयो। 'दौडले समाजलाई जोड्छ र स्वस्थ राख्छ,' उहाँले भन्नुभयो, 'आजैदेखि प्लाष्टिक प्रयोग घटाउँदै स्वस्थ र हरित समाज निर्माणमा लागौं।'

खजुरा गाउँपालिका अध्यक्ष विकले ग्रिन रनले सेलिब्रेटीहरूको सहभागितामार्फत् पर्यावरण सन्देश फैलाउन सफल भएको बताउँदै आगामी संस्करणमा पनि पालिकाले सहकार्य गर्ने प्रतिबद्धता जनाउनुभयो। त्यस्तै, सदस्य-सचिव गौतमले पृथक् अवधारणाको यस दौडले समाजमा शान्ति, एकता र सद्भाव प्रवर्द्धन गर्ने विश्वास व्यक्त गर्नुभयो।

विश्व रनिङ संस्थान एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एण्ड डिस्टेन्स रेसबाट प्रमाणीकरण प्राप्त धारा नेपालगञ्ज म्याराथनको ११औँ संस्करण यही मंसिर ६ गते (शनिबार) हुने भएको छ। आयोजकका अनुसार प्रतियोगिताका लागि दर्ता खुला गरिएको छ।

## फ्रिडम र चाबहिल उपाधिनजिक




**काठमाडौं/हिटा।** फ्रिडम फाइटर 'बी' र चाबहिल स्पोर्ट्स क्लब 'ए' पाँचौं वडाध्यक्ष कप भेट्रान फुटबल प्रतियोगितामा मंगलबार फाइनलमा प्रवेश गरेका छन्।

चाबहिलमा भइरहेको प्रतियोगितामा फ्रिडमले कैलालीलाई ६-० को फराकिलो गोलअन्तरले पराजित गऱ्यो। 'म्यान अफ द म्याच' विजय महतले २ तथा प्रकाश राना मगर, कृष्ण मालाकार र कन्या गुरुङले समान १-१ गोल गर्नुभयो। बाँकी १ गोल आत्मघाती थियो।

काठमाडौं महानगरपालिका वडा ७ को आयोजनामा भइरहेको प्रतियोगिताको अर्को सेमिफाइनलमा चाबहिलले बानेश्वर फ्रेण्डसिपलाई १-० गोलले हरायो। नितिन गुरुङले निर्णायक गोल गर्नुभयो। चाबहिलका गोलरक्षक सचिन श्रेष्ठ 'म्यान अफ द म्याच' बन्नुभयो। फाइनल आज (बुधबार) हुनेछ। विजेताले एक लाख र उपविजेताले ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट खेलाडी, गोलरक्षक र डिफेन्डरलाई जनही पाँच हजार नगदबाट पुरस्कृत गरिनेछ।

## विश्व कराँते छनोटमा चार खेलाडी



**हिमालय टाइम्स**

काठमाडौं, २८ असोज

विश्व कराँते च्याम्पियनसिपको छनोट प्रतियोगितामा नेपालबाट चार खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। फ्रान्सको पेरिसमा हुने छनोट प्रतियोगिता अक्टोबर १७ देखि १९ तारिखसम्म हुनेछ। त्यसका लागि चार खेलाडीसहित ६ सदस्यीय नेपाली टोली आज (बुधबार) फ्रान्स जाँदैछ।

एक पुरुष र तीन महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। स्वनिम मानन्धरले पुरुष एकल कातामा आफ्नो कौशल प्रस्तुत गर्नुहुनेछ। महिला ६८ केजीमाथि एरिका गुरुङ, ५० केजीमुनि वर्षा बुढा र ५५ केजीमुनि सविना श्रेष्ठले चुनौती पेश गर्नुहुनेछ।

स्वनिमको स्पर्धामा ४९, एरिकाकोमा ३४, वर्षाकोमा ३८ र सविनाकोमा ४६ प्रतिद्वन्द्वी छन्। यो छनोटको हरेक स्पर्धामा शीर्ष ६ स्थानमा रहने खेलाडी इजिप्टको कायरोमा नोभेम्बर २७ देखि ३० तारिखसम्म हुने विश्व कराँते च्याम्पियनसिपको २७औँ संस्करणका लागि छनोट हुनेछन्। छनोटअघि नै हरेक स्पर्धाबाट २४ खेलाडी विश्व च्याम्पियनसिपका लागि छनोट भइसकेका छन्। एक स्पर्धामा ३२ खेलाडी सहभागी हुन पाउनेछन्। बाँकी दुई खेलाडी विश्वविद्यालय कोटाबाट छानिनेछन्। विभिन्न १२ स्पर्धा समावेश छनोटमा ५४९ खेलाडी सहभागी हुनेछन्।

नेपालबाट सानुमाया थिङले भने इजिप्टको यात्रा पक्का गरिसक्नुभएको छ। सानुमायाले महिला एकल कातामा खेल्नुहुनेछ। टोलीको प्रशिक्षकमा कुशल श्रेष्ठ हुनुहुन्छ। पेरिसमै अक्टोबर १६ मा हुने प्रशिक्षक परीक्षामा सहभागी हुन अमिर राना पनि टोलीसँगै जानुहुनेछ। उहाँले टोली व्यवस्थापकको भूमिका पनि निर्वाह गर्ने बताइएको छ। टोलीका लागि सुशान्त अधिकारीले ट्र्याकसुट प्रायोजन गर्नुभएको छ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङ, राखेपका सदस्य प्रकाशकुमार कुसारी, राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्ट र उपनिर्देशक दीपक श्रेष्ठले मंगलबार एक कार्यक्रमबीच बिदाइ गर्नुभयो। सो अवसरमा सदस्य-सचिव घिसिङले इतिहास रच्ने सुनौलो अवसर भएकाले खेलाडीलाई उच्च मनोबलका साथ प्रदर्शन गर्न सुझाउनुभयो।

**Bagmati Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Jhurjhure, Makwanpur**

**Bagmati Province, Nepal**

**Invitation for Electronic Sealed Quotation Bids for the Procurement of Goods**

**First Date of Publication: 2082/06/29 (15th Oct. 2025)**

Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Invites electronic bids from eligible bidders for the procurement of Following items under Sealed Quotation Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagmati Rural Municipality-04, Jhurjhure, Makwanpur, Tel: 9849162772/9765744115, website: http://bagmatimunmakawanpur.gov.np/ or may visit PPMO e-GP system: https://www.bolpatra.gov.np/egp.

| Contract ID number/IFB no. | Description of Particulars | Estimated Amount Inclusive VAT (NRs.) | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|---|
| BRM/SQ/GOODS/001/2082/083 | Supply and Delivery of Medicine and Medical Items | 32,55,344.77/- | 1,000.00/- | 85,000.00/- |

**Chief Administrative Officer**